# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न. ११४०
प.स. २०७७/२०७८

०७५- ६९१०२५
०७५- ६९२३४३

मिति :२०७७/१०/१५

श्री वडा कार्यालय सबै
रैनादेवी छहरा गाउँपालिका पाल्पा

विषय : सुचना प्रकाशन गरी सहयोग गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मतदाता नामावलि अद्यावधिक (दावि विरोध समेत ) कार्यक्रम २०७७ को लागी यस पत्र साथ संलग्न सुचना वडा कार्यालयको सुचना पाटिमा टाँस गरी मतदाताहरुलाई सुचित गरि सहयोग गरिदिनुहुन अनुरोध छ ।

लिलामणि वश्याल
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
पाल्पा

# सूचना। सूचना।। सूचना।।

यही मिति २०७७ माघ १५ देखि २१ गतेसम्म निर्वाचन आयोगले देशभरका सबै स्थानीय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक(दाबी बिरोध समेत)कार्यक्रम सञ्चालन गर्दैछ ।उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते नगरपालिका वा गाउँपालिकाको केन्द्रमा मतदाता नामावली प्रकाशन हुन्छ । २०७७ माघ १६देखि१८ गते मतदाता नामावलीमा रहेको नाम वा विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनको लागि सूचना दिन सकिन्छ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ मा उजुरी दिन सकिन्छ ।

तसर्थ, उपरोक्त अनुसारको निर्धारित मितिमा सम्बन्धित स्थानीय तहको केन्द्रमा गई मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटिभए त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिनर कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैलाई निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

अनुसूची २

निर्वाचन आयोग, नेपाल

प्रमूख/सहायक मतदाता नामावली अधिकारीको कार्यालय ..................

मतदाता नामावली अद्यावधिक(दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत)कार्यक्रम २०७७ देहायका कियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवारी ब्यक्ति/ निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७७/१०/१५ | २०७७/१०/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | प्रमूख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्वन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने । | २०७७/१०/१६ | २०७७/१०/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावली मा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने । | २०७७/१०/१६ | २०७७/१०/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि मतदाता |
| ४ | क्र.सं १ बमोनिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा वढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्ने निवेदन पेश दिने (एकै स्थानीय तहभित्र भए सहायक नाम दर्ता अधिकारीको कार्यालयमा ,एकैजिल्लाभित्रको फरक फरक स्थानीय तह भित्र भए प्रमूख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमूख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने । | २०७७/१०/१६ | २०७७/१०/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमूख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र. सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेको मतदाताको नाम मतदाता नामावलीवाट हताउनको लागि सूचना दिने । | २०७७/१०/१६ | २०७७/१०/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाई सरी अन्यत्र गएका वा मृत्यु भएका नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीवाट प्राप्त गर्ने । | २०७७/१०/१६ | २०७७/१०/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ७ | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने । | २०७७/१०/१८ | २०७७/१०/१९ | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी /सम्बन्धित मतदाता |
| ८ | क्र.सं.२ बमोजिम त्रुटि सच्याउनको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी त्रुटि सच्याउनको लागि प्रमूख नाम दर्ता अधिकारी समक्ष पेश गर्नका लागि विवरण तयार गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | मतदाता नामावली ऐन, २०७३ को दफा १४(२) | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी /प्रमूख नाम दर्ता अधिकारी |

जिल्ला निर्वाचन अधिकारी

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवारी व्यक्ति/ निकाय |
|---|---|---|---|---|---|---|
| ९ | क्र.सं. ४ बमोजिम निवेदन प्राप्त भए पश्चात सम्बन्धित स्थानीय तह भित्रै दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी स्वयंले जाँचबुझ गरी नाम हताउने सम्बन्धमा निर्णय गर्ने र सो बाहेकका दोहोरो परेको हकमा प्रमूख नाम दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १० | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाई सरी अन्यत्र गउका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हताउने निर्णय गर्ने । नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हताउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानवीन गरी नाम हताउनको लागि प्रमूख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने। | २०७७/१०/१८ | २०७७/१०/२० | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमूख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| ११ | सूचना /निवेदन प्राप्त नभएता पनि कुनै मतदाता बसाईसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको ब्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउन प्रमूख नाम दर्ता अधिकारी समक्ष सिफरिस गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमूख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यलय | प्रमूख नाम दर्ता अधिकारी |
| १२ | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाईको आधारमा मतदाताको नामावलीबाट नाम हताउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७७/१०/२० | २०७७/१०/२० | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १३ | क्र.सं. ९,१०,११ र १२ बमोजिम नाम हताइएको वा हताउनलाई सिफारिस गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने । | २०७७/१०/२१ | २०७७/१०/२१ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमूख नाम दर्ता अधिकारी /सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १४ | सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली अद्यावधिक कार्यक्रममा प्रयोग भएका सवै कागजात तथा सामग्री प्रमूख नाम दर्ता अधिकारीको कार्यालयमा बुझाउने । | २०७७/१०/२१ | २०७७/१०/२४ | | प्रमूख नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १५ | क्र.सं. ८ बमोजिम त्रुटि सच्याउने वा क्र.सं. १३ बमोजिमको नाम हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीबाट प्राप्त सिफारिस बमोजिम निर्णय गर्ने । | २०७७/१०/२२ | २०७७/१०/२६ | | प्रमूख नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी |
| १६ | क्र.सं. १५ बमोजिम प्रमूख नाम दर्ता अधिकारीबाट भएको निर्णय बमोजिम नाम हताएका वा त्रुटि सच्याइएका मतदाताको विवरण प्रकाशन गर्ने । | | २०७७/१०/२६ | | प्रमूख नाम दर्ता अधिकारीको कार्यालय | प्रमूख नाम दर्ता अधिकारी |
| १७ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको दाता संगै आयोगमा पठाउने । | २०७७/१०/२६ | २०७७/११/०२ | | प्रमूख नाम दर्ता अधिकारीको कार्यालय /निर्वाचन आयोग | प्रमूख नाम दर्ता अधिकारी |

जिल्ला निर्वाचन अधिकारी